e-mail : deo.nawalparasiwest@election.gov.np
☎ 078-520285

निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

नवलपरासी बर्दघाट सुस्ता पश्चिम

स्था: २०५६

प.सं.:- २०७९/०८०

च.न. ३५

मितिः २०७९/०५/२३

विषय : स्पष्टिकरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै,
नवलपरासी बर्दघाट सुस्ता पश्चिम ,
श्री जिल्ला समन्य समिति ,
नवलपरासी बर्दघाट सुस्ता पश्चिम ।

उपरोक्त सम्बन्धमा निर्वाचन आयोगको प.स.च.न. १२६।०७९।८० मिति २०७९।०५।२२ को पत्रको निर्देशानुसार यस जिल्लामा स्थानीय तह सदस्य निर्वाचन २०७९ को नगरकार्यपालिका, गाँउ कार्यपालिका तथा जिल्ला समन्वय समिति को निर्वाचनमा उम्मेदवारहरुले निर्वाचन खर्चको विवरण बुझाउनु पर्ने भएकोमा बुझाउने र नबुझाउनेहरुको सूची गोरखापत्रमा प्रकाशित सूचना यसै साथ संलग्न राखी पठाइएको छ । उक्त सुची र सुचना तहा कार्यालयको सुचना सुचना पार्टी र website मा सार्वजनिक गरी सो को मुचुल्का तंयार पारी यथाशिध्र निर्वाचन कार्यालयमा पठाइदिनुहुन अनुरोध छ :

**पुनश्च : निर्वाचन खर्च ३० भित्र बुझाउनेहरुले ७ दिन भित्र आफु उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा खर्च सार्वजनिक गरी यस कार्यालयमा जानकारी गराउनु पर्ने र नबुझाएकाहरुले ७ दिन भित्र यस कार्यालयमा स्पष्टिकरण बुझाउनु पर्ने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

२०७९/५/२२

(सुजता खत्री )
जिल्ला निर्वाचन अधिकारी

प्रयाप्त वर्षा नहुँदा ८५ प्रतिशत खेतबारीमा रोपाइँ नगरिएको तथा १५ प्रतिशत गरिएको रोपाइँ पनि सुकेर नष्ट भएपछि स्थानीय सरकारले गत साउन तथा राहत वितरणका व्यवस्थाका लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको समितिले जनाएको छ।

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत विवरण परिषद् परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट ... 
कार्यालयको वेबसाइट ctevtkarnali.org.np मा हेर्नुहुन अनुरोध छ।

निर्देशक

कर्णाली दैनिक गोरखापत्र

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत पाल्हीनन्दन गाउँ कार्यपालिकाको कार्यपालिका सदस्यमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गरे/नगरेको विवरण

| क्र.सं. | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/ पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महिला सदस्य | अनिता सहानी | १३६६९३८१ | महिला | ३३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| २ | महिला सदस्य | सुभावती देवी हरिजन | १३२०६१९९ | महिला | ३६ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| ३ | महिला सदस्य | अनामिका कुमारी हरिजन | १३५७७३७९ | महिला | ३९ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| ४ | महिला सदस्य | लीलावती देवी हरिजन | १३४५६३२६ | महिला | ३९ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | निर्वाचित | पेश नगरेको |
| ५ | महिला सदस्य | विमला देवी धोवी | १३४५९३०२ | महिला | ३८ | नेपाली काँग्रेस | पराजित | पेश नगरेको |
| ६ | दलित वा अल्पसङ्ख्यक सदस्य | अनिल रजक | १३४५९४९५ | पुरुष | ३२ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| ७ | दलित वा अल्पसङ्ख्यक सदस्य | छोटेलाल पासवान (पासी) | १३४५७०२३ | पुरुष | ५० | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | निर्वाचित | पेश नगरेको |
| ८ | दलित वा अल्पसङ्ख्यक सदस्य | संजय कुमार कानु | १३४९३५९३ | पुरुष | ४३ | नेपाली काँग्रेस | पराजित | पेश नगरेको |
| ९ | दलित वा अल्पसङ्ख्यक सदस्य | कमलेश माली | १३२१४३१८ | पुरुष | ३४ | जनता समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |

स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत पाल्हीनन्दन गाउँपालिका बाट जिल्ला समन्वय समितिमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गरे/नगरेको विवरण

| क्र.स. | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं. | उमेर | लिङ्ग | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/ पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | उपप्रमुख | राम दयाल तेली | १३६६९१७७ | ४४ | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| २ | दलित वा अल्पसङ्ख्यक सदस्य | लवाङदी देवी हरिजन | १३६६८५५२ | ४८ | महिला | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |